म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ९० २०७९ फगुन ७ गते आइतबार 19 February 2023, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-

## आज प्रजातन्त्र दिवस

हेटौंडाः ७३ औं राष्ट्रिय प्रजातन्त्र दिवस आज देशभर विभिन्न कार्यक्रमको आयोजना गरी मनाइँदैछ। बागमती प्रदेशमा प्रजातन्त्र दिवस मनाउन मुख्यमन्त्री शालिकराम जम्कट्टेलको अध्यक्षतामा प्रदेशस्तरीय प्रजातन्त्र दिवस मूल समारोह समिति गठन गरिएको छ। २००७ साल फागुन ७ गते १०४ वर्षसम्म चलेको निरंकुश राणाशासन अन्त्य भई नेपालमा प्रजातन्त्र स्थापनाको घोषणा भएकाले सोही दिनको सम्झनामा यो दिवस मनाउन थालिएको हो। दिवसको अवसरमा प्रधानमन्त्रीको अध्यक्षतामा गठन हुने मूल समारोह समितिद्वारा हरेक बर्ष सैनिक मञ्च टुंडिखेल काठमाडौंमा विशेष समारोहको आयोजना गरिने परम्परा छ। यस दिन विभिन्न संघ संस्थाले पनि कार्यक्रमहरु आयोजना गर्ने गरेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले शुक्रबार सबै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै आयोग, विभाग, प्रतिष्ठान, जिल्ला समन्वय समिति र स्थानीय तहलाई परिपत्र गर्दै फागुन ६, ७ र ८ गते तीन दिनसम्म विशेषरुपमा प्रजातन्त्र दिवस मनाउन आव्हान गरेको थियो।

### बागमती प्रदेश सरकार स्थापनाको ५ वर्ष पूरा

# प्रदेश सरकारले स्थापना दिवस नमनाउने



समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशले "बागमती प्रदेश सरकारको पाँच वर्ष" नामक पुस्तक सार्वजनिक गरेको छ। शुक्रबार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा मुख्यमन्त्री शालिमराम जमकट्टेलले पुस्तक सार्वजनिक गर्नुभएको हो।

पुस्तक सार्वजनिक गर्नुहुँदै मुख्यमन्त्री जमकट्टेलले प्रदेश सरकारले स्थापना दिवस नमनाउने बताउनुभएको छ। पुस्तकमा नेपाल सरकारले २०७४ माघ ३ गते प्रदेश ३ को राजधानी हेटौंडा तोकी प्रदेश प्रमुख नियुक्त गरेको र २०७४ माघ २८ गते नेपालको संविधान बमोजिम प्रदेश प्रमुखबाट डोरमणि पौडेललाई मुख्यमन्त्री नियुक्त गरी प्रदेश सरकारको गठन भएको उल्लेख छ। प्रदेश सरकार स्थापनाको समयमा ७ मन्त्रालय र निकायहरू रहेकोमा पछि त्यसलाई बढाएर १४ पुऱ्याइएको थियो। प्रदेशमा हाल ३ वटा घटाएर ११ मन्त्रालय छ।

प्रदेश सरकारबाट ५ वर्षको अवधिमा ७० वटा ऐन (संशोधन समेत), अध्यादेश ११, नियमावली ३३, निर्देशिका ५, कार्यविधि ४४, मापदण्ड ७ र आदेश १२ जारी भएको छ। प्रदेशको पहिलो पाँच वर्षे आवधिक योजना निर्माण, कार्यान्वयन र त्यसको अर्धवार्षिक समीक्षा सम्पन्न गरिएको छ। संघीय सरकारसँगको समन्वय र सहकार्यमा २० वटा समपुरक र विशेष अनुदानका आयोजनाहरू सञ्चालन र नवप्रवर्तन साझेदारी कोषमार्फत ११ वटा स्थानीय तहहरूमा नवप्रवर्तनात्मक परियोजनाहरू सञ्चालन गरी स्थानीय तहमा रोजगारी सिर्जना तथा आर्थिक विकासलाई प्रवर्द्धन गरिएको पुस्तकमा उल्लेख गरिएको छ। यस अवधिमा प्रदेश सुशासन केन्द्रमार्फत बागमती प्रदेश अन्तर्गत प्रदेश र स्थानीय तहमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी तथा कर्मचारीहरूका क्षमता विकासतर्फ हालसम्म ५ हजार १ सय १२ जनप्रतिनिधिहरू तथा ८ हजार १ सय ७४ जना कर्मचारीहरू लाभान्वित भएको उल्लेख छ।

अहिले प्रदेशका ९ वटा जिल्लामा १० शीत भण्डार निर्माणको कार्य सम्पन्न हुने अवस्थामा रहेको र यसबाट १५ हजार ८ सय मेट्रिक टन फलफुल तथा तरकारी भण्डारणमा सहजता हुने जनाएको छ। यस्तै १ हजार ४१ सिंचाई योजना सम्पन्न भएको उल्लेख छ। नदी नियन्त्रणको गुरुयोजना तयार गरी नदी नियन्त्रणका कार्य शुरु गरिएको छ। २ सय ७६ वटा खानेपानी योजनाहरू सम्पन्न, कच्ची सड़क ७ सय ६५ किमि, ग्राभेल ७ सय ७९ किमि, कालोपत्रे ५ सय ३६ किमि, ढलान सड़क १ सय ५४ किमि, सड़क पुल ६९ वटा र झोलुङ्गे पुल ७ वटा सम्पन्न भएको पुस्तकमा उल्लेख छ।

युवा उद्यमशीलता विकास अन्तर्गत २ सय ६० स्वयंसेवक परिचालन गरिएको, ४३ व्यवस्थित खेलमैदान निर्माण, जिल्लास्तरीय रङ्गशाला ७, कभर्ड हल ३० वटा सम्पन्न भएको छ। सामुदायिक वन तथा अन्यक्षेत्रमा गरी ३ सय ९६ हेक्टरमा कूल ६ लाख २२ हजार ९ सय ८५ जडिबुटीका विरुवा रोपण गरिएको छ। बागमती प्रदेशलाई ९७ प्रतिशत साक्षरतासहित नेपालकै पहिलो साक्षर प्रदेश घोषणा गरिएको छ। उच्च शिक्षामा महिलाको पहुँच बढाउन स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत ५ सय ६७ छोरी बुहारीलाई छात्रवृत्ति प्रदान गरिएको छ।

प्रदेशभित्र विभिन्न सूचकका आधारमा २० नमूना विद्यालय स्थापना, २ सय २१ वटा शैक्षिक परामर्श केन्द्र सञ्चालन अनुमति ७२ विद्यालयलाई बस सेवा उपलब्ध, ३ सय ३१ माविमा इ-लाइब्रेरी, १ सय ९७ विद्यालयमा विज्ञान प्रयोगशाला स्थापना र २ सय २१ वटा सामुदायिक क्याम्पसहरूलाई सवलीकरण गरिएको छ। आधारभूत तहदेखि माध्यमिक तहसम्मका ३ हजार ७ सय ८८ जना शिक्षकहरूलाई पेशागत विकास तालिम र ९ हजार २५ जनालाई पुनर्ताजगी तालिम प्रदान गरिएको छ।

यस्तै मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम र प्रदेशका १३ प्रादेशिक अस्पतालमा विशिष्टिकृत सेवा सञ्चालनमा ल्याइएको ८ प्रदेश लोकसेवा आयोगबाट सार्वजनिक सेवा प्रवाहको लागि ८ सय २५ विभिन्न पदको विज्ञापन मार्फत परीक्षा सञ्चालन गरी नियुक्तिको लागि सिफारिस भएको छ। बागमती प्रदेशको स्थानीय मानव विकास प्रतिवेदन र दिगो विकास लक्ष्यको आधार तथा मार्गचित्र तयार गरिएको पुस्तकमा उल्लेख छ।

# जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः १३ औँ संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सुरु भएको छ। शनिबारदेखि सुरु भएको प्रतियोगिताको हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामाले सटफुट थ्रो गरेर उद्घाटन गर्नुभयो।

प्रतियोगिता अन्तर्गत पुरुष र महिला सटफुटतर्फ मकवानपुरको बागमती गाउँपालिका-५ स्थित देवकी माध्यमिक विद्यालयले दुवै स्वर्ण जितेको छ। महिला सटपुटतर्फ ७ दशमलव ८४ फिट थ्रो गर्दै देवकी माध्यमिक विद्यालयकी प्रमिला वाईबा प्रथम भएकी छिन्। पुरुषतर्फ १२ दशमलव ४० फिट थ्रो गर्दै देवकीका उमेश माझी प्रथम भएका छन्।

यस्तै ८ सय मिटर दौड महिलातर्फ बागमती गाउँपालिकास्थित वनदेवी आधारभूत विद्यालयकी अनिता थिङ प्रथम र मकवानपुरगढीस्थित शारदा माविकी सरस्वती विक द्वितीय भएकी छिन्। पुरुषतर्फ भने बकैया गाउँपालिकास्थित बुद्ध माविका सुमन योञ्जन प्रथम र थाहा नगरपालिकास्थित झम्केश्वरी आधारभूत विद्यालयका मेघराज बलामी द्वितीय भएका छन्। १५ सय मिटर दौडमा महिलातर्फ मकवानपुरगढीस्थित शारदा माविकी सरिता हुमागाईं प्रथम र भीमफेदी गाउँपालिकाकी रोजिना बल द्वितीय भएकी छिन्। पुरुषतर्फ १५ सय मिटर दौडमा बकैयास्थित बुद्ध माविका सुमन योञ्जन प्रथम भएको छ। यस्तै ४ सय मिटर रिले दौडमा महिलातर्फ बकैयास्थित जनक माविकी सुस्मिता राई, रञ्जु राई, सुजिना माझी र सञ्जिता राईको समुह प्रथम भएका छन्। पुरुषतर्फ भने बुद्ध माविका आयुष नेगी, सुजन राई, पाण्डव राई र सुमन योञ्जनको समुह प्रथम भएको छ। ४ गुणा ४ सय मिटर दौड महिलातर्फ बकैयास्थित जनक माविकी सुस्मिता राई, रञ्जु राई, सुजिना माझी र सञ्जिता राईको समुह प्रथम भएका छन्। पुरुषतर्फ बुद्ध माविकै आयुष नेगी, सुजन लो, सजन राई र सुमन योञ्जनको समुह प्रथम भएको छ।

यस्तै लङजम्पमा महिलातर्फ भीमफेदी गाउँपालिकास्थित महेन्द्र माविकी सपना घिसिङ प्रथम र हेटौंडास्थित जनप्रिय माविकी दिपिका बास्तोला द्वितीय भएका छन्। पुरुष लङजम्पतर्फ बुद्ध माविका आयुष नेगी प्रथम भएको छ। यस्तै, त्रिपलजम्प महिलातर्फ जनप्रिय माविकी दिपिका बास्तोला प्रथम भएकी छिन्। पुरुषतर्फ पनि बुद्ध माविका पाण्डव राई प्रथम भएको छ।

यस्तै कराँतेतर्फ ४२ केजीमा थाहाबाट प्रतिनिधित्व गरेका सुशान्त दोङ, ४७ केजीतर्फ हेटौंडाका रोहित रुम्बा र ५२ केजीमा बकैयाका राज भोलन छनौट भएका छन्। छात्रातर्फको ४० केजीमा थाहाकी सञ्जिता गोले, ४५ केजीमा बकैयाकी दीक्षा कार्की र ५२ केजीमा हेटौंडाकी श्रेया श्रेष्ठ छनौट भएकी छिन्।

प्रतियोगिता अन्तर्गत कबड्डी, भलिबल र एथलेटिक्सका बाँकी खेलका खेलहरु आज आइतबार सञ्चालन हुने जिल्ला खेलकुद विकास समिति मकवानपुरका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिनुभयो। जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गीको सभाध्यक्षमा प्रतियोगिता भएको हो। उद्घाटन कार्यक्रममा भिमफेदी गाउँपालिकाका प्रमुख हिदम लामा लगायतको आतिथ्य रहेको थियो।






# सम्पादकीय

## प्रजातन्त्रमा जनताका अपेक्षा

आज फागुन ७ गते ७३ औं प्रजातन्त्र दिवस मनाइँदैछ । आधुनिक समयमा नागरिक अधिकारको माग गर्दै शान्तिपूर्ण आन्दोलन गर्दै गर्दा केही युवाले मृत्युलाई हाँसी हाँसी स्वीकार्दै गर्दा २००७ साल फागुन ७ गते प्रजातन्त्र स्थापना भएको हो । प्रजातन्त्र स्थापना भएको सात दशक पूरा भइसक्दा पनि जनताका अपेक्षा भने पूरा हुन सकेको छैन । जनताका असाध्यै भव्य सपना पनि छैन । मुलुक विधि, विधानअनुसार चलोस् । जनताको गास, बास, कपासको सुनिश्चितता होस् भन्ने नै हो । विश्व उत्तर आधुनिक हुँदै अकल्पनीय जस्ता उपलब्धीलाई आत्मसात गरिरहँदा नेपाली जनता भने प्रजातन्त्रको आधारभूत मर्मलाई बुझ्ने समाजको सदस्य हुन नपाएको दुखी छ ।

१०४ वर्षे राणा शासनको अन्त्य गर्दै प्रजातन्त्र स्थापना भए पनि २००७ सालको परिवर्तन लामो समय कायम रहन सकेन । एक दशकको अवधिमा प्रजातन्त्र हरण भयो । २०४६ सालमा प्रजातन्त्र पुनर्स्थापित भयो । प्रजातन्त्र पुनर्स्थापित भएको केही वर्षमै माओवादी सशस्त्र द्वन्द्वको विजारोपण भयो । माओवादी सशस्त्र द्वन्द्व चरम बन्दै जाँदा अन्ततः राजतन्त्र समेत त्यागेर संघीय लोकतान्त्रिक गणतन्त्रतर्फ मुलुक अगाडि बढ्यो । मुलतः बहुदलीय व्यवस्थामा जुनसुकै दल आए पनि नागरिकका सामान्य र आधारभूत अपेक्षालाई बुझ्ने चेष्ठा समेत गर्न नसकेको सन्दर्भले यतिबेला मुलुकमा चरम निराशा र पलायनको स्थित छ ।


२०६२/६३ को राजनीतिक परिवर्तनपछिको संक्रमणकाल नै एक दशकको रह्यो । २०७२ मा संविधानसभाबाट संविधान जारी भएपछि मुलुकले स्थिरता र विकासको अपेक्षा गरेको थियो । २०७४ मा मुलुकको तीनै तहको निर्वाचन भएर एक कार्यकाल जनप्रतिनिधिले काम गरिसकेको छ । यसै वर्ष तीनै तहको निर्वाचन सम्पन्न भइसकेको छ । निर्वाचनमा प्रकट भएको जनमतलाई बुझेर राजनीतिक दलले सुझबुझका साथ जनताको सेवामा समर्पित हुनुको विपरित राजनीतिक दाउपेच र गणितीय लाभ–हानीको मोलमोलाइमा सत्तामा पुग्ने प्रयत्नबाहेक जनताका अपेक्षामा ध्यान जान सकेको छैन । यस पटकको निर्वाचनमा तीनै तहमा जनताले पुराना शक्तिलाई चुनौति पेश गर्दै नयाँ शक्तिलाई जनताको सेवा गर्ने अवसर समेत दिएको थियो । तर, नयाँ भनिएका अधिकांशको कार्यसम्पादन जनताका अपेक्षा नजिक पुग्न सकेको छैन ।

मुलुकमा विधिको शासन स्थापित गर्न राजनीतिक नेतृत्वको त्याग, तपस्या र योजना देखिन्न । पछिल्लो समय भ्रष्टाचार र कुशासनले आम नागरिकलाई पलायन हुन बाध्य बनाइरहेको छ । तर, पनि राजनीतिक नेतृत्वकर्ताहरु आफूभित्रको कमजोरीलाई हटाउन र सच्चिन प्रेरित छैनन् । जसका कारण अझै निराशा बढ्ने खतरा छ । आज प्रजातन्त्र दिवसको बहानामा समेत राजनीतिक दलनिकटका अपराधीलाई कैद माफी दिने निर्णय गर्ने तर, जनताका दुखलाई बुझ्ने प्रयासमा सरकार देखिन्न । यस्तो परिस्थितिले प्रजातन्त्रको नाममा मुलुकमा बढेको जवाफदेहिताविहिन व्यवस्थाले मुलुकलाई अझ भयानक जोखिममा लैजाने निश्चित छ । विदेशी हस्तक्षेपको नाममा आफ्ना जिम्मेवारी पूरा नगर्ने प्रवृत्ति उत्तिकै दुखद छ । २००७ सालदेखि आजसम्म पनि आम नागरिक प्रजातन्त्रको नाममा आधारभूत नागरिक अधिकार स्थापित गर्न सक्ने सक्षम र जवाफदेही जननिर्वाचित सरकारको अपेक्षामा छन् । आशा गरौं आगामी समय र राजनीतिक नेतृत्वले जनताका अपेक्षा पूरा गर्दै प्रजातान्त्रिक व्यवस्थाको सम्मानमा नियमित कार्य गर्नेछन् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक र आध्यात्मिक काममा सरिक भइएला ।
**वृष** : रामरमाईलोमा समय व्यतित हुने समय योग छ ।
**मिथुन** : एकान्तमा रमाइने समय योग रहेको छ ।
**कर्कट** : स्वास्थ्यस्थिति प्रति सचेतता अपनाउँदा राम्रो ।
**सिंह** : ज्ञान र सीप बाँडेर लिने समय योग देखिन्छ ।
**कन्या** : घरायसी समस्याका बारेमा चिन्तन बढ्ला ।
**तुला** : सामाजिक र आध्यात्मिक काममा सरिक भइएला ।
**वृश्चिक** : परम्परित र आध्यात्मिक काममा सरिक भइएला ।
**धनु** : आध्यात्मिक काममा सरिक भइने समय योग छ ।
**मकर** : भावनालाई नियन्त्रण गर्दा राम्रो रहने समय ।
**कुम्भ** : आर्थिकस्तरमा सुधार हुने समय योग छ ।
**मीन** : नकारात्मक कुराहरु नियन्त्रण गर्दा राम्रो ।

# भ्रष्टाचार नियन्त्रण र सुशासन



✍ **रेजा बिष्ट**

भ्रष्ट र आचार मिलेर बनेको समस्त शब्द भ्रष्टाचार हो । भ्रष्टाचारले शाब्दिक अर्थ बिग्रिएको आचार हो भने सामान्य चलनचल्तीमा आर्थिक कारोबारमा हिनामिना गर्नेलाई भ्रष्टाचार भनिने गरिन्छ । कानूनी पृष्ठभूमिमा भने नियुक्त पदाधिकारीले आफ्नो फाइदाका लागि कानरुनी तथा नैतिक रुपले गलत मानिएका काम गर्नुलाई भ्रष्टाचार भन्न सकिन्छ । सङ्क्षेपमा भन्नुपर्दा कुनै पनि व्यक्तिले आफ्नो आर्थिक लाभका निमित्त अपरादर्शिता तरिकाले सार्वजनिक स्रोत साधनको प्रयोग गर्नुलाई भ्रष्टाचार भनिन्छ। भ्रष्टचारको विभिन्न स्वरुपहरु हुन्छन् जस्तै सामाजिक, राजनैतिक, आर्थिक, प्राविधिक आदि विविध पक्षमा हुने विभिन्न पूर्वाधारहरुले निर्धारण वा परिभाषित गर्न सकिन्छ। देशको आर्थिक विकास कानून, नियमावली अनुसार सम्पन्न गर्नुपर्ने हुन्छ । जसका निमित्त सामान्य तथा प्राविधिक कर्मचारीको नियुक्ति गरिन्छ । यस्ता कर्मचारीले आर्थिक हिना मिना तथा कार्यालयमा ढिलासुस्ती अपचनल गर्दै सामाजिक तथा नैतिक पतन हुने कार्यहरु गर्दछन् । जसकारण सरकारले प्रदान गर्ने सेवा सुविधाका निम्ति सर्वसाधारणले सास्ती भोग्नु परेको छ ।

राष्ट्र विकास तथा समृद्धितर्फ पाइला चाल्नका निम्ति टेको पुऱ्याउने उद्देश्यले नियुक्त गरेको जनशक्तिले समयमा काम नगर्दा शासन प्रणाली भङ्ग हुन्छ । जसकारण थप समस्या जस्तै गरिएको कार्यको गुणस्तर चाहिने भन्दा कम हुने, समयमा कार्य नहुने लगायतका विभिन्न समस्या आउन सक्छन् । त्यतिमात्र नभएर सरकारले खटाएका कर्मचारीले घुस लिने दिने मनसायले काम गर्दा सर्वसाधारणले थप सास्ती भोग्नु परेको हो । त्यसैगरी विकास निर्माणका काममा समेत भ्रष्टाचार प्रशस्तै भएको पाइएको छ। कामको जिम्मा लिने ठेकेदारले बढी मात्रामा कमिसन खाने, कम गुणस्तरको सामग्री प्रयोग गरी पैसा हिना मिना गर्ने, गलत प्रतिवेदन पेश गर्ने लगायतका कार्यले निर्माणका कार्यहरु अलपत्र छाडिएका छन् ।

कार्य पूर्णताको अभिभारा बोकेका निकायहरुले चासो नदिने लगायत समय समयमा कार्यको गति बुझ्न नलिएको कारणले भ्रष्ट भएका कामदारलाई थप फुकुवा मिलेको हो। निजामति कर्मचारीदेखि राष्ट्रका अभिभावकको दर्जामा खडा भएका नेता तथा राजनीतिक पृष्ठभूमिमा नाम स्थापित गराउन सफल व्यक्तिले समेत भ्रष्टाचार गर्दा राष्ट्रको अवस्था थप नाजुक हुन पुगेको छ । सरकारी तथा राष्ट्रको महत्वपूर्ण पदहरुमा आफन्तलाई नियुक्त गर्ने नातावाद र कृपावादको प्रवृतिले भ्रष्टाचारलाई थप हौस्याएको छ। कुर्सीको खिचातानीमा भत्किन लागेको राष्ट्रलाई नजरअन्दाज गरेर आफ्नो फाइदाका लागि सोच्ने राष्ट्रका अभिभावक आफैंमा दोषी हुन्। श्रमको उपयुक्त मूल्य नपाएर किसान तथा दिनहुँ काम गर्ने मजदुरहरुले पासोलाई रोज्छन् । भने यही जनताको ढाड सेकेर उठाएको राजस्वमा मोज गर्ने पदाधिकारीहरु महङ्गा होटलहरुमा छलफल तथा बैठक राख्छन् ।

नेपाललाई आजको अवस्थामा ल्याउनका निम्ति लाखौं हजारौं सहिद भए । त्यही राष्ट्रको अस्मितालाई दिनहुँ गिज्याउने व्यक्तिहरुले ती सहिदको योगदानलाई बेकम्मा तुल्याएका छन्। नेपाल एक सुनौलो साम्राज्यको इट्टा इट्टालाई बेचेर आफ्नो विलाषियताको लिला रच्ने व्यक्तिहरु असलमा अपराधी हुन्। राष्ट्रिय अस्मिता तथा सार्वभौमसत्ता माथि ठूलो प्रश्नवाचक चिन्ह खडा गर्ने भ्रष्टाचारी प्रवृत्तिलाई नहटाएसम्म राष्ट्र विकास सम्भव छैन । भ्रष्टाचार नेपालको मात्र नभएर विश्वमा रहेका विभिन्न राष्ट्रहरुका निम्ति चिन्ताको विषय हो । ट्रान्सपरेन्सी इन्टरनेशनल नामक अन्तर्राष्ट्रिय संस्थाको स्थापना गरिएको छ । जसको अनुसार 'सार्वजनिक क्षेत्रमा काम गर्ने पदाधिकारी र राजनीतिक वा सरकारी अधिकृतले आफूलाई सुम्पिएको अख्तियारी र शक्तिको दुरुपयोग गरी निजि फाइदाका लागि प्रयोग गर्ने कानूनी व्यवहार भ्रष्टाचार हो । ट्रान्यसपरेन्सी इन्टरनेशनल नेपालले सन् २०१३ मा नेपालमा गरेको अध्ययन अनुसार राजनीतिक क्षेत्रमा भ्रष्टाचारको सञ्जाल व्यापक रहेको तथ्याङ्कमा उल्लेखित गरेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालको उक्त सर्वेक्षण अनुसार अत्याधिक भ्रष्टाचार गर्ने निकायहरुमा राजनीतिक दलहरु ७० प्रतिशत, निजामति कर्मचारीहरु ६६ प्रतिशत, प्रहरी ५८ प्रतिशत व्यवस्थापिका ५१ प्रतिशत, व्यापार २० प्रतिशत, सैनिक २७ प्रतिशत लगायत शिक्षा स्वास्थ्यका क्षेत्र समेत भ्रष्टाचारबाट अछुतो रहन सकेन। उक्त तथ्याङ्क अनुसार सार्वजनिक क्षेत्र सबैभन्दा धेरै भ्रष्टाचारको दलदलमा फसेको पाइएको छ । सार्वजनिक सेवा तथा आम नागरिकले पाउनु पर्ने सामान्य सेवाका निम्ति समेत नाताबाद र कृपावादमा भर पर्नु परेपछि राष्ट्रमा असल शासनको कल्पन गर्न सकिंदैन ।

राष्ट्रमा विकास र समृद्धिको यथार्थलाई साँच्चै सापेक्ष गरी सुशासन ल्याउने हो भने भ्रष्टाचारको अन्त्य गर्नु अपरिहार्य छ । सुशासन भन्नाले असल, कुशल तथा जनमुखी शासन भन्ने बुझिन्छ। राज्य संयन्त्रलाई जनमुखी बनाई नागरिकको अपेक्षा अनुरुप प्रभावकारी, छिटो छरितो र गुणस्तरीय सेवाका माध्यमबाट नागरिकलाई शासनको सुखद अनुभूति दिलाउनु नै सुशासन हो । राज्य सञ्चालनमा संलग्न हरेक व्यक्ति आ–आफ्नो जिम्मेवारी प्रतिको अभिभारालाई निभाएर उत्तरदायी शासन प्रणालीको विकास गर्नुलाई नै सुशासन भनिन्छ । शासकीय पदहरुमा निहित शक्ति, अधिकार दायित्व नागरिक सेवा र सन्तुष्टि सापेक्ष गरी राष्ट्रलाई प्रगतिको मार्गमा डोऱ्याउनु सुशासनको मुख्य उद्देश्य हो । जनमुखी शासन व्यवस्था भनेर सामान्यतयः चिनिने सुशासन प्रणालीले नेपालीका मन मस्तिष्क र हृदयमा शृङ्गारी राखेको समृद्ध नेपाली सुखी नेपलीको परिकल्पनालाई जीवन्त पार्न सक्छ । राज्यका शासकको विनम्रता र विकासको गतिविधिमा सम्पूर्ण नागरिकको उच्चतम सक्रियता भएको राष्ट्रका जनताको खुसी र सुखको सुनिश्चिता तथा राज्यको तीव्र विकास हुन्छ । राज्यमा सुशासन प्रवर्द्धनका निमित्त प्रशासनको सरलीकरण र प्रकृयामा पारदर्शीता आउनु जरुरी देखिन्छ । विकास निर्माणका विविध परियोजनामा आएको बजेट, त्यसको उपयोग लगायतका महत्वपूर्ण विवरणहरुमा पारदर्शिता नआएसम्म भ्रष्टाचारलाई कम गर्न सकिंदैन र सुशासनलाई कार्यान्वयन गर्न सकिंदैन । सुशासन कायम गर्नाले राज्य संयन्त्रका सबै अङ्गलाई गतिशिल बनाउने, सहभागितामुलक र जवाफदेही बनाउँदै नागरिक सचेतनाको अभिवृद्धि गर्दछ। कानूनमा आधारित न्यायपूर्ण समाज निर्माणमा जोड, भ्रष्टाचार रहित समाजको परिकल्पना, स्वतन्त्र प्रेसको व्यवस्था, नागरिक सहभागितामूलक र जनमुखी शासन, विकास, समृद्धि र जनसन्तुष्टिको अपेक्षा बोकेको, वित्तिय जवाफदेहिता प्रवर्द्धन आदि सुशासनका बलिया पूर्वाधारहरु हुन् । भ्रष्टाचारको प्रकोपलाई न्यूनिकरण गर्दै सुशासनतर्फ देशका पाइलालार्य लम्काउनका निमित्त नेपाल सरकारले नेपालको संविधानको भाग २१ धारा २३८ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उल्लेख गरिएको छ । यस आयोगको स्थापनाका साथ सार्वजनिक पदधारण गरेका कर्मचारी पदाधिकारीहरुद्वारा हुने अनुचित कार्य र भ्रष्टाचार नियन्त्रण गर्ने विषयमा टेवा पुगेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यतिमात्र नभएर भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन प्रवर्द्धनका निमित्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०६३, २०४८ मा भ्रष्टाचार निवारण ऐनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली लगायत स्थापना कालदेखिनै प्रदत अधिकार अनुसार भ्रष्टाचार नियन्त्रण गर्ने अभियानमा विभिन्न दण्डात्मक, निरोधात्मक र प्रवर्धनात्मक उपायहरु अवलम्बन गरी आएको छ। त्यसैगरी नेपालमा भ्रष्टाचार नियन्त्रणका निम्ति जारी गरिएको अर्को महत्वपूर्ण ऐन भ्रष्टाचार नियन्त्रण ऐन २०५९ हो । यस ऐन बमोजिम रिसवत लिने वा दिने, राजश्व चुहावट गर्ने, गलत प्रतिवेदन दिने, अख्तियारीको दुरुपयोग गर्ने जस्ता विभिन्न अनैतिक गतिविधिलाई भ्रष्टाचारको कसुर ठहरयाई सोही प्रकृतिको सजाएको समेत उल्लेख गरिएको छ। यति हुँदा हुँदै पनि राज्यमा भ्रष्टाचारको व्यापकतालाई अझै नियन्त्रण गर्न सकिएको छैन ।

भ्रष्टाचार गम्भीर प्रकृतिको सामाजिक अपराध भएका कारण यसलाई रोकथाम गरी सुशासन कायम गर्ने दिशामा संसारका सबै मुलुकहरु लागि परेका छन्। सुशासन प्रवर्धन गर्नका लागि शासक मात्र नभई सचेत सशक्त नागरिकको पनि उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ । साथै राजनैतिक उत्तरदायित्व वैधानिकता, प्रभावकारी सार्वजनिक क्षेत्र व्यवस्थापन तथा न्यायको उचित प्रवर्धनले सुशासनलाई थप टेवा पुऱ्याउँछ । नेपालको सुशासन ऐन २०६४ ले कानुनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विज्ञप्तीकरण, आर्थिक अनुशासन सार्वजनिक कार्य तथा स्रोतको उचित व्यवस्थापनलाई सुशासन भनि परिभाषित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्र सङ्घले आठवटा विषयलाई सुशासनको विशेषताको रुपमा राखेको छ । जसमा सहमति तर्फ उन्मुख, उतरदायित्वपूर्ण, पारदर्शितापूर्ण, जवाफदेहिता, समावेशी, प्रभावकारी र सक्षमता आदि पर्दछन् ।

भ्रष्टाचार र सुशासनको सम्बन्ध मुसो र बिरालोको जस्तै हुन्छ । यी दुईवटा एक साथ समान हैसियतमा रहन सक्दैनन् । भ्रष्टाचारले स'शासनको अस्तित्वलाई पतन गरी आफ्नो पेट भर्ने प्रयत्न गर्छ भने सुशासनले भ्रष्टाचारको अनुपस्थिति खोज्छ भनि व्याख्या गरिएको भ्रष्टाचार र सुशासन कहिल्यै पनि सँगसँगै टिक्न सक्दैन। सुशासनले सारा जनताको समानता र विनम्रता खोज्दछ भने भ्रष्टाचारले व्यक्तिगत स्वार्थलाई प्राथमिकता दिन्छ । भ्रष्टाचार एक सरुवा रोग जस्तै किसिमको सामाजिक समस्या हो । भ्रष्टाचारले मै खाउ मै लाउँ भन्छ भने सुशासन बाँडीचुडी खाउँ भन्छ । नीति र नियमलाई असल रुपमा पालना गर्न सुशासनले सिकाउँछ भने त्यही नियमको उल्लङ्घन गर्न भ्रष्टाचारले उक्साउँछ । भ्रष्टाचारबाट निम्तिने कुशासनलाई समाजबाट हटाउँदा सुशासन स्वतः कायम हुने कुरामा कुनै दुई मत रहँदैन ।

कुशासन र भ्रष्टाचारको सबैभन्दा ठूलो असर समाजका गरिब वर्गमा पर्न जान्छ । धनी व्यक्तिहरु नाताबाद र कृपावादले झन झन धनी हुन्छन् भने सामान्य नोकरी गरी खाने व्यक्तिहरुको अवस्था दिन दिनै नाजुख हुादै जान्छ । जय भुडी कथाका हाँडीघोप्टे प्रवृत्ति ठन्डाराम र घ्याम्पे भुँडीले जनाएको हाम्रा समाजमा लोभी लालची व्यक्ति तथा केही नहुने ठन्डाराम अनि जति भएपनि नपुग्ने घ्याम्पे भुाडी प्रवृतिका मानिस छन्। हाँडी घोप्टे र घ्याम्पे भुँडीको अधीनमा परेका ठन्डाराम भुँडीले सदैव अभावमा जीवन बाच्न बाध्य भएका छन् । मानिसको जुन लिएपछि सर सुविधाको आश गर्नु कुनै नौलो विषय होइन । तापनि चाहिएको भन्दा बढी सुख सुविधा बटुलेर आफ्नो गोजी तिर्ने जनताको राजस्वमा रमाउनु भने कदापि गलत हो । भ्रष्टाचारलाई रोगसँग दाज्ने हो भने यसको स्वरुप सरुवा क्यान्सर हुनेछ। एकपटक लागेपछि हटाउन अनन्तै गाह्रो र अत्यन्तै प्राण घातक रोग क्यान्सरले शरीरका कोशलाई मारेझैं भ्रष्टाचार राष्ट्रिय विकास, शान्ति तथा सुशासनको गला दबाउने गर्छ। आकाशमा उडेको चराको बाटो कोर्नु भन्दा कयौं गुना गाह्रो भ्रष्टले सञ्चिता गरेका अवैध कारोबारको धनलाई पत्ता लगाउनु छ । जनताको मासु लुच्छेर आफ्नो घर, ऐश्वर्य र विलाषमा जिउने व्यक्तिहरु भ्रष्टाचारको अत्यन्तै पीडित छन्। विद्यमान समाजमा आध्यात्मिक चिन्तनभन्दा भौतिक चिन्तनमा केन्द्रित मानवीय सोंचाइले भ्रष्टाचारलाई उचाई दिएको हो। अहिलेको समयमा आफ्नो हैसियत अनुसारको जीवनशैलीलाई अपनाउनु छाडी मानिसहरु अरुको देखासिखी गर्नमा बढी चासो राख्ने गर्छन् । आध्यात्मिक मूल्य मान्यताभन्दा धनलाई सर्वपरी ठानेर पैसाको मोहमा रमेको समाजले सिर्जना गरेको आत्मघाती भाइरसका रुपमा भ्रष्टाचारलाई लिन सकिन्छ। राष्ट्रिय चिन्तनबाट विमुख भएर क्षणभरको 'वाह–वाही' का निम्ति मात्र काम गर्ने मनसायका कारण सुशासन प्रवर्धन हुन सकेको छैन। आजको मितिसम्म ऋणको भार थाम्न नसकी परदेशिएका लाहुरेहरुलाई आफ्नै देशमा रोजगारी सिर्जना गरौं भनी विश्वास दिलाउन सकेको छैन । बलात्कार जस्तो जघनीय अपराधको सिकार हुन पुग्ने किशोरीको न्याय सुनिश्चित गराउन सकेको छैन । सरकारी निकायमा रहेका व्यक्तिले निमुखाको आवाज बन्नुपर्ने ठाउँमा उल्टै शोषण गर्ने प्रवृत्ति रहेको छ। समन्वयको सुमधुर यात्रामा रहेका अलिक पुराना बटुवाले सुशासन खोजेको वर्षौ बितिसक्दा पनि अहिल्यै सम्म सुशासन नेपालमा भेटेका छैनन् । प्वाँख लागेका कमिला र भर्खरै संसार देख्ने हाम्रा समाजका कमिलाहरु दुबैले देखेको, हृदयमा सजाएको देशप्रति एक मात्र आकाङ्क्षा सुशासनलाई आजसम्म सापेक्षा गर्न सकेको छैन । यसको प्रमुख कारण भनेर भ्रष्टाचारलाई ठह्ऱ्याउँदा कदापि गलत हुनेछैन। सारा जनताले त्यो एक दिनको प्रतीक्षा गर्छन् । जहाँ यूवा युवतीले आफ्नै देशमा रोजगारी सिर्जना गरेका छन्, जहाँ समानताको हारमा सम्पूर्ण नेपाली फूल सजिएका हुन्छन्, जहाँ शासक र जनता बिचको सम्बन्ध यथार्थमा सन्तुलित हुन्छ, जहाँ नेपालीको समृद्ध र सुशासित नेपाल हुन्छ । यो सपनालाई साकार गर्नका निम्ति सम्पूर्णले एकजुट भएर काम गर्नुपर्छ ।

बन्धुत्वको भावनालाई आचरणमा सजाएर मित्रताको मिजासले समाजको निर्माण गर्नुपर्छ । अघि बढ्न खोज्नेको खुट्टा नतानी अरुको खुसीमा हाँस्न सक्नुपर्छ । एकताको धुनमा सबैले स्वर मिलाएर गाउन सक्नुपर्छ। राज्यको शासन प्रणालीमा रहेका व्यक्तिमा देश प्रेमको भाव जगाई राष्ट्रिय हितको हकमा निर्णय गर्नुपर्छ। नाता–गोता, सन्तति र आफन्तलाई नभएर पदका लागि उत्कृष्ट जिम्मेवारीमा खडा हुन सक्ने व्यक्तिलाई नियुक्त गर्नुपर्छ । तब मात्र सापेक्ष गर्न सकिन्छ सुशासन ।

भ्रष्टाचार नियन्त्रणका लागि सहकार्य हुनु आवश्यक छ। पत्रकार लगायत प्रेसको व्यक्तिले सरकारलाई भ्रष्टाचार नियन्त्रण बारे सचेत गराउनुपर्छ । युवा जनशक्तिले प्रत्येकको घैटोमा सुशासन प्रवर्धनका निम्ति घाम झुल्क्याउनुपर्छ । पदमा नियुक्त व्यक्तिले निःस्वार्थ र नितान्त प्रभावकारी कार्यमा जोड दिनुपर्छ। अनि मात्र विधिको शासन र भ्रष्टाचारलाई नियन्त्रण गरी एक सुखी कुशल र रमणीय समाजको निर्माण गर्न सकिन्छ। जहाँ शान्ति, समृद्धि र परोपकारले बास गर्दछ ।

*कक्षा १०,*
*नवोदय शिश' सदन*

### पालुङ क्याम्पसलाई निरन्तर सहयोग हुन्छ : मन्त्री मोक्तान

# क्याम्पस समिति अध्यक्षमा बिष्ट सर्वसम्मत




*क्याम्पसको वार्षिकोत्सवमा क्याम्पसको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै अध्यक्ष विष्ट ।*

समाज संवाददाता

हेटौंडाः बागमति प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले उत्तरी क्षेत्रको एकमात्रै उच्च शिक्षा प्रदान गर्ने पालुङ बहुमुखी क्याम्पसलाई प्रदेश सरकारबाट निरन्तर सहयोग हुने बताउनुभएको छ । शुक्रबार क्याम्पसको २० औं वार्षिकोत्सव तथा परिषद् भेलाको उद्घाटन गर्नुहुँदै मन्त्री लामाले पालुङ क्याम्पसका लागि यो वर्ष पनि सामाजिक विकास मन्त्रालयले २५ लाख रुपैयाँ विनियोजन गरेको बताउनुभयो ।

मन्त्री मोक्तानले थाहा नगरबाट सामाजिक विकास मन्त्रालयमा शैक्षिक व्यवस्थापन, सुधार, विकासका लागि प्राप्त भएको सबै योजनालाई सम्बोधन गरिएको बताउनुभयो । जसीज हलमा भएको वार्षिकोत्सव तथा परिषद् भेलामा क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तथा थाहा नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले क्याम्पसको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुहुँदै पालुङ क्याम्पसलाई मकवानपुरको उत्तरी क्षेत्रको महत्वपूर्ण शैक्षिक गन्तव्यको रुपमा विकास गर्ने लक्ष्य रहेको बताउनुभयो ।

परिषद् भेलामा क्याम्पस प्रमुख राजन मिश्रले क्याम्पसको वर्तमान अवस्था र भावी योजनासहितको प्रतिवेदन प्रस्तुत गर्नुभयो भने क्याम्पसका लेखापाल मधुसुदन रायमाझीले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । भेलामा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीको पनि उपस्थिति रहेको थियो । जनकल्याण माविका प्रधानाध्यापक तथा क्याम्पस व्यवस्थापन समितिका पूर्वअध्यक्ष सानोभाई कार्की, ४ नम्बर वडा अध्यक्ष नारायण लामा, थाहा नगर उद्योग वाणिज्य संघका अध्यक्ष कविराज खत्री, प्याब्सन थाहा नगर अध्यक्ष सुरेन्द्रमान प्रधानको पनि आतिथ्य रहेको थियो ।

वार्षिकोत्सवको अवसरमा पालुङ क्याम्पसका प्रथम व्याचका विद्यार्थी नानुमैया प्रधानलाई विद्यावारिधी (पिएचडी) को तयारी गरिरहेको भन्दै सम्मान गरिएको थियो । सोही अवसरमा उत्कृष्ट प्राध्यापक अंग्रेजी विषयका गोपाल उप्रेती, विगत १३ वर्ष क्याम्पस प्रमुखको जिम्मेवारीमा रही क्याम्पसको प्रगतिमा योगदान पुऱ्याएवापत पूर्वक्याम्पस प्रमुख रामहरि अधिकारीलाई सम्मान गरिएको थियो । यस्तै क्याम्पसको सूचना प्रवाहमा महत्वपूर्ण योगदान पुऱ्याएकोमा थाहापाटी अनलाइनका सम्पादक शम्भु अधिकारी र क्याम्पसको भौतिक निर्माण कार्यमा योगदान पुऱ्याएवापत श्रवण लामालाई सम्मानित गरिएको थियो ।

यसैबीच शुक्रबार भएको परिषद् भेलाले पुनः विष्णु बहादुर विष्टको अध्यक्षतामा नयाँ व्यवस्थापन समिति चयन गरेको छ । समितिको सदस्यहरुमा सहदेव ढकाल, सरोज कुमार खनाल, सगुन कुमार ढकाल, रिता प्रधान, जुजुभाइ प्रधान, केदार कार्की, सुरेन्द्रमान प्रधान, विमल कुमार ढकाल, सुदर्शन कार्की र मनोज कुमार अधिकारी रहेको निर्वाचन अधिकृत उमेश श्रेष्ठले जानकारी दिनुभयो ।

## गजल पुरस्कार उषाकिरण अधिकारीलाई

समाज संवाददाता

हेटौंडाः मनमाया स्मृति गजल पुरस्कारबाट हेटौंडा-४ स्थित हेटौंडा स्कुल अफ म्यानेजमेन्टमा कक्षा-१२ मा अध्ययनरत् उषाकिरण अधिकारी पुरस्कृत हुनुभएको छ । शनिबार गजल मञ्च मकवानपुरले आयोजना गरेको माध्यमिक तह (कक्षा ९-१२) स्तरीय गजल प्रतियोगितामा प्रथम भई अधिकारी पुरस्कृत हुनुभएको हो ।

गजल मञ्चले हरेक महिनाको पहिलो शनिबार नियमित गजल यात्रा गर्दै आइरहेको छ ।१९९ औं गजल यात्रामा अधिकारीलाई नगद ५ हजार रुपैयाँसहित पुरस्कृत गरिएको हो । अधिकारी नवसर्जक साहित्य चौतारी नेपालकी उपाध्यक्ष समेत हुनुहुन्छ । पहिलो चरणमा सहभागी १८ जना मध्ये १० जनालाई मात्र गजल वाचनका लागि बोलाइएको थियो । गजल मञ्च मकवानपुरका पूर्वअध्यक्ष दीपक गौतमले हजुरआमा मनमाया गौतमको स्मृतिमा २०६९ सालमा उक्त पुरस्कारको स्थापना गर्नुभएको थियो ।

गजल मञ्च मकवानपुरका अध्यक्ष केशव समर्पणको सभाध्यक्ष तथा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको प्रमुख आतिथ्यमा प्रतियोगिता भएको हो । प्रतियोगिताको निर्णायकको भूमिका गजलकार देवराज तिवारी र सुनिल गौतमले निभाउनुभएको थियो । यस्तै, गजल मञ्च मकवानपुरका सदस्य भोलाप्रसाद शिवकोटीले श्रीकृष्ण तालुमाया नमुना स्मृति गजल सम्मानका लागि अक्षय कोष निर्माण गर्नुभएको छ । गजल क्षेत्रमा योगदान पुऱ्याउने गजलकारलाई उक्त सम्मानबाट सम्मानित गरिने उद्देश्यले शिवकोटीले नगद ५० हजार रुपैयाँ अक्षय कोष निर्माण गर्नुभएको हो । जुन हरेक वर्ष गजल क्षेत्रमा योगदान गरिने एक जना व्यक्तिलाई नगद ५ हजार रुपैयाँ राशिसहित सम्मानित गरिने समर्पणले जानकारी दिनुभयो ।

# गायन प्रतियोगितामा चिराग डंगोल प्रथम



समाज संवाददाता

हेटौंडाः हेटौंडा-५, पिप्लेस्थित ज्ञानोदय बालवाटिका आवासीय विद्यालयले आयोजना गरेको विद्यालयस्तरीय एकल गायन प्रतियोगितामा हेटौंडा-४ स्थित नवोदय शिशु सदन माविका चिराग डंगोल प्रथम हुनुभएको छ । १३ जना प्रतिस्पर्धीलाई पछि पार्दै डंगोल प्रथम हुनुभएको हो ।

प्रतियोगितामा हेटौंडा-२ स्थित बालजागृति इंग्लिस सेकेण्डरी स्कूलकी सुजैना गहतराज द्वितीय हुनुभयो भने आयोजक ज्ञानोदय बालवाटिका आवासीय विद्यालयकी आयुष्मा उप्रेती तृतीय हुनुभयो । यस्तै हेटौंडा-५, पिप्लेस्थित बालज्योति माविकी सुनिता बल, हेटौंडा-११, नवलपुरस्थित जेम्स स्कूलकी जेनिशा बर्तौला र मनहरी गाउँपालिकाको युनाइटेड बोर्डिङ स्कूलका शोभित खड्का सान्त्वना हुनुभएको छ ।

कलासाधक भीम विरागको स्मृतिमा विद्यालयले पहिलो पटक गायन प्रतियोगिताको आयोजना गरेको हो । प्रतियोगितामा २ वटा सरकारी विद्यालय तथा १२ वटा निजी विद्यालयका विद्यार्थीको सहभागिता रहेको थियो । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने विद्यार्थीलाई क्रमशः ७ हजार, ५ हजार, ३ हजार र एक हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको छ ।

ज्ञानोदय बालवाटिका आवासीय विद्यालयका प्रिन्सिपल श्याम कुमार बानियाँले गायन प्रतियोगितालाई हरेक वर्ष आयोजना गरिने बताउनु भएको छ । विद्यालयका प्रिन्सिपल बानियाँको अध्यक्षता तथा प्याब्सन बागमती प्रदेश समितिका अध्यक्ष केशवलाल श्रेष्ठको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा वडा अध्यक्ष सुशील घिमिरे, भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका अध्यक्ष ह्यग्रीव आचार्यको पनि आतिथ्य रहेको थियो ।

# उपमहानगरका तथ्याङ्क संकलकलाई अनुशिक्षण

समाज संवाददाता

हेटौंडाः बालमैत्री पालिका घोषणाको तयारीमा रहेको हेटौंडा उपमहानगर पालिकाले नगरका विभिन्न वडाहरुका तथ्याङ्क संकलकका लागि अनुशिक्षण थालेको छ । २०८० सालसम्म बालमैत्री पालिका घोषणाको तयारीमा रहेको उपमहानगरले नियुक्त गरेको १९ वडाका ३० जना तथ्याङ्क संकलकहरुलाई अनुशिक्षण गरेको हो ।

अनुशिक्षणका क्रममा संकलकहरुलाई नगरका विभिन्न वडामा रहेका घरहरुमा रहेको बालबालिका सहितको तथ्याङ्क संकलनका तरिकाहरु सिकाइने उपमहानगरका महिला तथा बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले बताउनुभएको छ । उपमहानगरले तीन महिना अवधिका लागि नियुक्त गरेको तथ्याङ्क संकलक टोलीलाई अनुशिक्षणसँगै वडाहरुमा खटाइएको छ । अनुशिक्षणमा हेटौंडा उपमहानगरकी प्रमुख मिनाकुमारी लामाले नगरले लिएको लक्ष्यलाई पूरा गर्ने जिम्मेवारी पाएकोमा बधाई दिँदै दृढताका साथ काम गर्न निर्देशन दिनुभयो । उहाँले अनुशासित र मर्यादित भएर काममा लाग्दै नगरको विकासमा सहयोग पुऱ्याउन जोड दिनुभयो ।

तथ्याङ्क संकलकमा जागिर खुवाउन सहयोग गर्ने भन्दै मानिस आउँछन् त्यसो होइन आफ्नो क्षमताका आधारमा उपमहानगरले काममा राखेको बुझ्न आग्रह गर्दै परनिर्भर होइन आत्मनिर्भर भएर काममा लाग्नु पर्ने उहाँको भनाइ थियो । उहाँले काममा योग्य भएर आएका सबैलाई क्षमता देखाएर काम गर्न जोड दिनुभयो । अनुशिक्षणमा तथ्याङ्क संकलनका लागि आवश्यक सफ्टवयर निर्माणमा सहयोग गरेको यस्थर वेञ्जामिनका सानु घलानले सहजीकरण गर्नुभएको थियो । कार्यक्रम हेटौंडा उपमहानगरपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख विष्णुकुमारी लामिछानेको अध्यक्षतामा भएको थियो ।

नगर प्रमुख लामाले उपमहानगर पालिकाले १९ वटा वडाका लागि नियुक्त गरेको वडा सहजकर्तासँग भेटघाट गर्दै नगरको उद्देश्य र लक्ष्यलाई सम्झेर काममा लाग्न निर्देशन दिनुभयो । उपमहानगरले बालमैत्री नगर घोषणाका लागि १ नगर सहजकर्ता, १९ वडा सहजकर्ता र ३० जना तथ्याङ्क संकलक गरी ५० जनालाई नियुक्त गरेको छ ।

# शिक्षक संघ राक्सिराङमा घलान

समाज संवाददाता

हेटौंडाः नेपाल शिक्षक संघ राक्सिराङ गाउँपालिका समितिको अध्यक्षमा बाबुलाल घलान तथा सचिवमा रत्नबहादुर मुक्तान सर्वसम्मत चयन हुनुभएको छ । शनिबार संघको गाउँपालिका समितिको बैठकले घलान र मुक्तानलाई सर्वसम्मत अध्यक्ष र सचिव चयन गरेको हो । यसअघि गत पुस १६ गते भएको गाउँ अधिवेशनले अध्यक्ष र सचिव चयन गर्न सकेको थिएन ।

शनिबार राक्सिराङ गाउँपालिकाको मुकाम चैनपुरमा जिल्ला समितिका प्रतिनिधिको समेत उपस्थितिमा बसेको गाउँपालिका समितिको बैठकले अध्यक्ष र सचिवको टुंगो लगाएको हो । अध्यक्ष घलान राक्सिराङ गाउँपालिका-८, महाङकालस्थित जनज्योति प्राविका प्रधानाध्यापक हुनुहुन्छ भने सचिव मुक्तान राक्सिराङ-४, पञ्जनीस्थित राष्ट्रिय प्राविका प्रधानाध्यापक हुनुहुन्छ ।

यस्तै शनिबारको बैठकले ९ वटै वडाबाट एक एक जना सदस्य तथा ३ जना महिला शिक्षक सदस्यलाई मनोनित गरेको नेपाल शिक्षक संघ मकवानपुरका सहसचिव राजु रेग्मीले जानकारी दिनुभएको छ । पुस १६ गतेको अधिवेशनले गाउँपालिका समितिको अन्य पदाधिकारी र सदस्यहरु चयन गरेको थियो । यसअघि उपाध्यक्षमा शिवराज गिरी र तुलसी बर्तौला, सचिवमा सावित्री शाह, सहसचिवमा रामबहादुर राउत, जगतजंग रुम्वा र देउती नेपाली चयन हुनुभएको थियो ।

## ट्रकको ठक्करबाट स्कुटी चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका-६, रामडाँडामा शुक्रबार बिहान ट्रकको ठक्कर बाट स्कुटर चालकको मृत्यु भएको छ ।

शुक्रबार बिहान साढे ६ बजेको समयमा चितवनबाट हेटौंडातर्फ जाँदै गरेको ना ५ ख ३५५७ नम्बरको डिब्बा ट्रकले विपरित दिशाबाट जाँदै गरेको बा १५ प ३९६९ नम्बरको स्कुटीलाई ठक्कर दिँदा स्कुटी चालकको घटनास्थलमै मृत्यु भएको हो । स्कुटीलाई ठक्कर दिने ट्रक र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ । सवारी चालक अनुमतिपत्रका आधारमा मृतक स्कुटी चालक कास्की जिल्लाको पोखरा महानगर पालिकाकी ३८ वर्षीया अमृता परियार भएको प्रहरीले उल्लेख गरेको छ । मृतकको शव हेटौंडा अस्पतालमा पोस्टमार्टमका लागि पठाइएको प्रहरीले जानकारी दिएको छ ।

# मकवानपुरमा ३ दिन सलक दिवश मनायो

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा तीन दिन विविध कार्यक्रम गरी शालक दिवश मनाइएको छ । हरेक वर्ष फेब्रुअरी महिनाको तेश्रो शनिबार मनाइने विश्व सालक दिवश यो वर्ष मकवानपुरमा तीन दिवशीय कार्यक्रम गरेर मनाइएको हो । यो वर्ष "सालक संरक्षणमा समुदायको नेतृत्व" भन्ने नाराका साथ तीन दिन बिहीबार, शुक्रबार र शनिबार विविध कार्यक्रम गरेर विश्व सालक दिवस मनाइएको डिभिजन वन कार्यालय राप्तीका प्रमुख विष्णु प्रसाद आचार्यले जानकारी दिनुभयो ।

डिभिजन वन कार्यालय राप्ती, डिभिजन वन कार्यालय मकवानपुर, साना जीवको पक्षमा काम गर्ने संस्था र ग्रीनहुड नेपालको आयोजनामा विविध कार्यक्रमसहित दिवश मनाइएको आचार्यले बताउनुभयो । उहाँका अनुसार दिवशको अवसरमा बिहीबार जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा सालक संरक्षणमा कार्यरत समूह, वनका कर्मचारी, विज्ञ, संचारकर्मी लगायत सरोकारवालाको सहकार्यमा पेङ्गुइन राउण्ड टेबल कार्यक्रम आयोजना गरिएको थियो ।

शुक्रबार मनहरीस्थित डिभिजन वन कार्यालय राप्ती परिसरमा बागमती प्रदेशका वन तथा वातावरण मन्त्री, जिल्ला समन्वय समिति प्रमुखलगायत स्थानीय तहका जनप्रतिनिधि, वन मन्त्रालय लगायत अन्य सरोकारवालाको उपस्थितिमा मूल कार्यक्रम गर्नुका साथै सालक संरक्षण सम्बन्धी गीत लोकार्पण गरिएको थियो । यसका साथै स्थानीय समुहद्वारा सालक संरक्षणका लागि तयार गरिएको खैजडी भजन सहितको नृत्य कार्यक्रम, कविता वाचन, सालक सम्बन्धी फेस पेन्टिङ, चेतनामुलक वृत्तचित्र प्रदर्शन, सालकको मुकुण्डोसहित प्रदर्शनलगायतको कार्यक्रम आयोजना आयोजना गरिएको उहाँले बताउनुभयो ।

यस्तै कार्यक्रमको अन्तिम दिन शनिबार लामो समयदेखि सालक संरक्षणमा भूमिका खेल्दै आएको मकवानपुरको रानी र चुच्चेखोला सामुदायिक वनका उपभोक्तासँग छलफल गरिएको आचार्यले जानकारी दिनुभयो । उहाँका अनुसार सालकलाई मकवानपुरको गौरवको जीवको रुपमा राख्ने बताउनुभयो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.८
मेगाहर्ज सुनौं र सुनाऔं

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौंडा, नेपाल
**बोलपत्र अस्वीकृत गरिएको सूचना**
(सूचना प्रकाशित मितिः २०७९/११/०७)
मिति २०७९/०९/१४ गते राष्ट्रिय पत्रिकामा प्रकाशित PROCUREMENT OF MATERNAL AND NEONATAL PROGRAM MEDICINE, IFB No. HLMC/G/NCB-05/2079-80 बोलपत्र अन्तर्गत कुनै पनि बोलपत्र सारभूत रुपमा प्रभावग्राही नभएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(३) बमोजिम बोलपत्र अस्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।
निर्देशक

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र
हेटौंडा, नेपाल
**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि सूचना**
(सूचना प्रकाशित मितिः २०७९/११/०७ गते)
मिति २०७९/०९/१४ गते राष्ट्रिय पत्रिकामा प्रकाशित PROCUREMENT OF IMNCI PROGRAM MEDICINE IFB No. HLMC/G/NCB–04/2079–80 बोलपत्र अन्तर्गत तपसिलको फर्म प्राविधिक मूल्यांकनको परिक्षणमा सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले आर्थिक मूल्यांकनमा समावेश गराउन छनौट भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ (बाह्रौं संशोधन) को नियम ३१ ज. ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract Name/Contract Number | BidderÚs Name/Address |
|---|---|---|
| 1. | PROCUREMENT OF IMNCI PROGRAM MEDICINE IFB No. HLMC/G/NCB–04/2079–80 | • Bluemoon Meditech Pharma, Kathmandu |

आर्थिक प्रस्ताव खोल्ने स्थान र समय
स्थानः स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, हेटौंडा, नेपाल
समयः २०७९/११/१४ गते दिउँसो १:०० बजे
निर्देशक

# हिमालयन शेर्पा सेमीफाइनलमा

समाज संवाददाता

हेटौंडाः शहीद स्मृति स्थानीय तह अन्तर्राष्ट्रिय मकवानपुर गोल्डकप फुटबलमा हिमालयन शेर्पा क्लब सेमीफाइनलमा प्रवेश गरेको छ। शनिबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा भएको खेलमा हिमालयन शेर्पाले फ्रेण्ड्स क्लबलाई २-१ गोलअन्तरले पराजित गर्दै सेमीफाइनल प्रवेश गरेको हो ।

हिमालयन शेर्पाले फाइनल प्रवेशका लागि सोमबार क्यामरुनको एभिनियर एफसीसँग खेल्नेछ । यस्तै आइतबारको खेल मनाङ मर्स्याङ्दी क्लब र एपीएफ क्लबबीच हुनेछ । शनिबार हिमालयन शेर्पाका विश्वास श्रेष्ठ म्यान अफ म्याच घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरेका छन् ।

मकवानपुरका १० वटै स्थानीय तहको सहयोगमा मकवानपुर जिल्ला फुटबल संघले आयोजना गरेको पाँचौ संस्करणको प्रतियोगिताको उपाधि विजेताले १५ लाख रुपैयाँ र उपविजेताले १० लाख रुपैयाँ प्राप्त गर्नेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले नगद ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने विधागत उत्कृष्ट खेलाडीहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। प्रतियोगिताको उत्कृष्ट खेलाडीले बुलेट बाइक प्राप्त गर्नेछ। बुलेट बाइकको प्रायोजन हेटौंडा स्कूल अफ म्यानेजमेन्टले गरेको हो ।

# प्रश्नपत्र निर्माणबारे शिक्षकका लागि कार्यशाला

समाज संवाददाता

हेटौंडाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) मकवानपुरको आयोजनामा कक्षा-९ र १० को नयाँ पाठ्यक्रमअनुसार प्रश्नपत्र तयार पार्ने विषयमा दुई दिने कार्यशाला सुरु भएको छ । शनिबार बिहान एक समारोहका बीच कार्यशालाको उद्घाटन गरिएको छ ।

प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको अध्यक्षता तथा प्याब्सन केन्द्रीय समितिका उपाध्यक्ष आशिष श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यशाला उद्घाटन कार्यक्रम भएको हो। कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड हेटौंडाका प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौंडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखा प्रमुख गंगाधर रिमालको पनि आतिथ्य रहेको थियो । कार्यशालामा विज्ञान, अंग्रेजी र गणित विषयका शिक्षकहरु सहभागी छन् । कार्यशालामा प्रा.डा. सिद्धिप्रसाद कोइराला, टिकाराम भट्ट, रमेश प्रसाद अगस्ती र जयप्रकाश लाल श्रीवास्तवले सहजीकरण गर्नुहुनेछ । मकवानपुर जिल्लामा १० कक्षासम्म पठनपाठन हुने निजी विद्यालयको संख्या ४६ वटा छ ।

# मामाघर नेपाललाई दिनहुँ सहयोग

समाज संवाददाता

हेटौंडाः हेटौंडा-११, डाङ्डुङ्गेस्थित सडक बालबालिका व्यवस्थापनमा सक्रिय मामाघर नेपाल मकवानपुरलाई प्रायः जस्तो दिनहुं सहयोग आउने गरेको छ। भान्जाहरुको शिक्षा, स्वास्थ्य र लालनपालनका लागि मामाघरमा सहयोग लिएर सहयोगी दाता प्रायः दिनहुं पुग्ने गरेका छन् । दुई दिनको अवधिमा मामाघरमा ६ जना सहयोगीदाताहरुले सहयोग गरेका छन्। बिहीबार र शुक्रबार जन्मदिन, स्वर्गीय आमाको स्मृतिको अवसरमा खाद्यान्नसहित नगद सहयोग गरिएको मामाघर नेपालले जनाएको छ ।

हेटौंडाका ६ जना सहयोगीदाताहरुले जन्मदिन तथा स्मृतिमा मामाघर नेपाल मकवानपुरलाई सहयोग गरेका हुन्। हेटौंडा-४ निवासी सुरेन्द्र सेढाईले आफ्ना जन्मदिनको अवसरमा चामल २ प्याकेट, चाउचाउ २ कार्टुन सहयोग गरिएको छ। यस्तै फुरनदाना २ प्याकेट, बिस्कुट २ प्याकेट, तेल २ प्याकेट, चना २ प्याकेट, केराउ २ प्याकेट, सोयाबिन २ प्याकेट, दाल २ प्याकेट, चकलेट २ प्याकेट सहयोग गर्नुभएको छ। यसैगरी एलिस सत्यालको जन्मदिनको अवसर मा केक काटेर जन्मदिन मनाइएको छ। सोही अवसरमा साबुन ३ दर्जन, हार्पिक २ वटा, ब्रस १ वटा, मन्जन २ वटा, टुथ ब्रस १ दर्जन, सर्फ ५ कलोग्राम, डेटोल ह्यान्ड वास ५ वटा, भाँडा माझ्ने जालि ३ वटा सहयोग गरिएको छ।

हेटौंडा-८ निवासी अप्सरा परियारले स्वर्गीय आमा सुन्तली दर्जीको ४५ औ पूण्यतिथिमा रात्रि भोजनको आयोजना गर्दै नगद १ हजार रुपैयाँ सहयोग गरिएको छ । हेटौंडा-१० निवासी बिनोद लिम्बुको जन्मदिनको अवसरमा केक काटेर खुशी साटासाट गर्दै फ्रुटि, बिस्कुटसहित २ हजार ५ सय रुपैयाँ नगद सहयोग गर्नु भएको छ। यस्तै, हेटौडा-११ निवासी बिनिता सेन्चुरीकी छोरी प्रनिता सेन्चुरीको पहिलो जन्मदिन मामाघरमा केक काटेर खुसी साटासाट गर्दै एक दिनको खानाका लागि खाद्यान्न सामग्री सहयोग गर्नुभएको छ। बकैया-४ निवासी लक्ष्मी खड्काले स्वर्गीय आमा धनमाया खड्काको जन्मदिन तथा स्मृतिमा भान्जाहरुलाई आवश्यक सामग्री गर्नुहुँदै ५ हजार हजार ५ सय रुपैयाँ नगद सहयोग गरिएको छ। यस्तै, गत फागुन १ गते र ३ गतेपनि सहयोगीदाताहरुले सहयोग गरिएको मामाघर नेपालले जनाएको छ । मामाघरलाई जन्मदिन र स्मृति दिवसको अवसरमा प्रायः सहयोग प्राप्त हुने गरेको बताएको छ ।


## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-बाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी,

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


# नक्कली क्लबलाई हराउँदै नवप्रतिभा क्वाटरफाइनलमा प्रवेश

समाज संवाददाता

हेटौंडाः पुर्वी मकवानपुरको बागमती गाउँपालिकामा जारी स्वर्गीय चन्द्रमान राई स्मृति कप फुटबल प्रतियोगिता अन्तर्गत नवप्रतिभा युवा क्लब मकवानपुर क्वाटरफाइनलमा प्रवेश गरेको छ। शनिबार भएको खेलमा नक्कली युवा क्लब सिन्धुलीलाई ३-१ गोलअन्तरले पराजित गर्दै नवप्रतिभा क्वाटरफाइनलमा प्रवेश गरेको आयोजक त्रिशक्ति युवा क्लबका सल्लाहकार प्रमोद राईले जानकारी दिनुभयो।

खेलको पहिलो हाफको ३८ औं मिनेटमा नक्कली क्लबका प्रकाश माझीले गोल गरे पनि टिमलाई हारबाट जोगाउन भने सकेन। खेलको दोस्रो हाफको १२ औं मिनेटमा नवप्रतिभाका आशिष मोक्तान र खेलको दोस्रो हाफको ४३ औं मिनेटमा सुरेन्द्र राईले गोल गरे । खेलको म्यान अफ द म्याच नवप्रतिभाका आशिष मोक्तान घोषित भए । उनले नगद १ हजार प्राप्त गरे ।

प्रतियोगिता अन्तर्गत आइतबार पहिलो खेलमा दिउँसो १२ बजे प्रकाश स्मृति क्लब र बकैया ग्रामीण एकता क्लब बीच हुनेछ । यस्तै दोस्रो खेलमा दिउँसो २ बजे कोपिला युवा क्लब र साततले युवा क्लब बीच हुनेछ । विजयी टिमले क्वाटरफाइनलमा स्थान बनाउनेछ ।

प्रतियोगितामा प्रथम हुने टिमले नगद २ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने द्वितीय हुने टिमले नगद १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । विधागत उत्कृष्ट खेलाडीहरुले जनही नगद ५-५ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल फागुन १२ गते हुने आयोजकले जनाएको छ।

# अनिल, मनिता र निकिताले घैंटो फुटाए

समाज संवाददाता

हेटौंडाः रेडियो थाहासञ्चारले वार्षिकोत्सवको अवसरमा आयोजना गरेको घैंटो फुटाई प्रतियोगितामा अनिल पराजुली, मनिता राना र निकिता अधिकारीले घैंटो फुटाएका छन्। रेडियोको वार्षिकोत्सवको अवसरमा हेटौंडा-४ स्थित भुटनदेवी माविको खेलमैदानमा आयोजित साताव्यापी कार्यक्रमअन्तर्गत छैठौं दिन शनिबार मकवानपुरे सञ्चारकर्मीबीच घैंटो फुटाई प्रतियोगिता भएको हो ।

घैंटो फुटाउन सफल अनिल, मनिता र निकितालाई पुरस्कार स्वरुप प्रतिव्यक्ति ५ सय रुपैयाँ नगदसहित पुरस्कृत गरिएको छ । प्रतियोगितामा मकवानपुरका १९ जना सञ्चारकर्मीहरुले सहभागी थिए । रेडियोले १५ वर्ष पूरा गरी १६ औं वर्षमा प्रवेश गरेको अवसरमा फागुन १ गतेबाट साताव्यापी कार्यक्रम गरिरहेको छ ।

साताव्यापी कार्यक्रममको अन्तिम दिन फागुन ७ गते सोमबार पुरस्कार तथा प्रमाणपत्र वितरण, थाहा वर्ष सम्मान प्रदान गर्ने कार्यक्रम रहेको रेडियोका स्टेशन म्यानेजर गोकुल अधिकारीले जानकारी दिनुभएको छ ।









प्रेस सेन्टरद्वारा ५ जना पत्रकार पुरस्कृत

# १५ जना अग्रजलाई सम्मान



सम्मान ग्रहण गर्नुहुँदै पत्रकार राममणि दाहाल ।

समाज संवाददाता

हेटौंडाः प्रेस सेन्टर मकवानपुरले ५ जना पत्रकारलाई पुरस्कृत गर्नुका साथै १५ जना पत्रकारलाई सम्मान गरेको छ। यस्तै ५ जना महिला पत्रकारलाई सुत्केरी प्रोत्साहनसहित जनही ५ हजार रुपैयाँ प्रदान गरेको छ। पुरस्कृत हुनेमा भावना रिजाल, तिलक अधिकारी, बालकृष्ण अधिकारी, राममणि दाहाल र भानुभक्त आचार्य हुनुहुन्छ ।

शनिबार प्रेस सेन्टर मकवानपुरको वार्षिक साधारणसभाको अवसरमा जनही ५ हजार रुपैयाँसहित ५ जना पत्रकारलाई पुरस्कृत गरेको हो। सम्मानित हुनेमा नवराज शर्मा, कमलचन्द्र सुमन, सूवर्णलाल श्रेष्ठ, भानुभक्त आचार्य, प्रताप विष्ट, कृष्णराम परियार, मोहनमान सांगामी, सम्झना कार्की, नानीमैया बिष्ट, राजन दाहाल, महेन्द्र श्रेष्ठ, रामकुमार एलन, रोशन पराजुली, सुरेश झा र राममणि दाहाल रहनुभएको छ। प्रेस सेन्टर नेपालले महिला पत्रकारहरुमा सुनसानी थिङ, उषा थामी, पविना लामा, कुमारी स्याङ्वो र मनिता दानीलाई सुत्केरी प्रोत्साहनस्वरुप ५ हजार रुपैयाँ प्रदान गरेको हो ।

बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मुक्तानको प्रमुख आतिथ्य तथा प्रेस सेन्टर मकवानपुरकी अध्यक्ष अञ्जली थापाको अध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामीको पनि आतिथ्य रहेको थियो ।

## जीवन विमा पोलिसी हराएको सुचना

**विमा पोलिसी नम्बरः** १०६००२०७०
**नामथरः** अप्सरा दाहाल
**हराएको मितिः** २०७९ फाल्गुन ६ गते बिहान ८ बजे
**स्थानः** बुद्धचोकबाट स्कुलरोडमा पुग्दासम्म फाइल हराएको
**सम्पर्क नम्बरः** ९८४५१२७३७७/९८४५३९९७३५


## इन्जिनियरिङ तथा आर्किटेक्चर सेवाका लागि

हामी छौं सुन्दर नगरी हेटौंडामा



घरको नक्सा, डिजाइन, घरको थ्रीडी, डीपीआर, आइईई, ईआइए, इन्जिनियरिङ्ग सर्भे, लागत अनुमान, मूल्यांकन, स्टील स्ट्रक्चर, सम्पूर्ण निर्माणको कार्य, मास्टर प्लान, सुपरभिजन, इन्टेरियर डिजाइनको कार्यहरुका लागि सम्झनुहोस् ।

**केवी ग्रुप अफ इन्जिनियरिङ प्रालि**
हेटौंडा-२, नगरपालिकारोड
०५७-५२४६८४/९८४३०२८६३५


## सामाजिक संजाल प्रयोगमा सचेतना अपनाऔं ।

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठ्ठा पुरस्कारजस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्नसक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ